प्रिय पुत्रको एक दृष्टान्त

एक धनी मानिसले आफ्नो अत्यन्त प्रिय छोराको चित्र युद्धमा जानुअघि बनाएका थिए। दुःखको कुरा, त्यो छोरा युद्धमा मारियो, र केही समयपछि दुःखी बुबाको पनि मृत्यु भयो। आफ्नो इच्छापत्रमा उनले आफ्नो सम्पूर्ण सम्पत्ति निलामी गरिनेछ भनेर लेखेका थिए, तर एउटा विशेष सर्तसहित —छोराको चित्र सबैभन्दा पहिले बिक्री हुनैपर्ने थियो।



निलामीमा धेरै मानिस आए। धनी मानिसको अपार सम्पत्ति त्यहाँ राखिएको थियो। जब छोराको चित्र बिक्रीका लागि उठाइयो, कसैले पनि बोलकबोल गरेन। त्यो एक अज्ञात चित्रकारले कोरेको अज्ञात छोराको चित्र थियो, त्यसैले त्यसमा खासै चासो देखिएन।

केही समयपछि, त्यो मानिसका घरमा काम गर्ने एक नोकरले मालिकले आफ्नो छोरालाई कति प्रेम गर्थे भन्ने कुरा सम्झियो। उसले चित्रका लागि थोरै रकम बोल्यो र त्यो चित्र किन्यो।

अचानक, सबैलाई अचम्म लाग्ने गरी निलामीकर्ताले हथौडा बजाएर निलामी बन्द भएको घोषणा गऱ्यो। धनी मानिसको इच्छापत्रमा गोप्य रूपमा यस्तो लेखिएको रहेछ कि जसले उसको प्रिय छोराको चित्र किन्न पर्याप्त प्रेम देखाउँछ, उसैलाई सम्पूर्ण सम्पत्ति दिइनेछ।

यही कुरा सुसमाचारमा परमेश्वरले गर्नुभएको हो। जसले परमेश्वरको प्रिय पुत्रलाई स्वीकार गर्छ, उसले उहाँको सम्पत्तिका सबै धनहरू पनि पाउँछ—अनन्त जीवनको वरदान र "सदा-सर्वदा सुख-चैनहरू" (भजन १६:११)। तिनीहरू पुत्रसँगै "साझा हकवाला" हुन्छन् (रोमी ८:१६-१७)।

प्रिय पाठक, यदि तपाईं आजै मर्नुभयो भने, तपाईं कहाँ पुग्नुहुनेछ? यस अत्यन्तै महत्त्वपूर्ण विषयमा बाइबलले के भन्छ सो जान्न र स्वर्गका लागि पक्का हुन तल उल्लेख गरिएको चर्चसँग सम्पर्क गर्नुहोस्।

"तिम्रो धारा आशिषित होओस्; अनि आफ्नो जवानीकी पत्नीसँग आनन्दित होऊ!" - हितोपदेश ५:१८

वैवाहिक जीवनका सबै पक्षहरूमा पति आफ्नी पत्नीमा, पत्नीमार्फत, पत्नीका कारण, र पत्नीको सम्बन्धमा आनन्दित हुनुपर्छ। उसले पत्नीका झन्झटिला कमजोरीहरूमा रिसाएर बस्नु होइन, उसका प्रिय र मन छुने गुणहरूमा खुशी मान्नुपर्छ। उसले सधैं उनका गल्ती र असफलताहरू गन्दै गुनासो गर्नु होइन, उनका प्रयास र सफलताहरूमा हर्ष मान्नुपर्छ। उसले सकेसम्म पत्नीको संगतबाट टाढा भाग्ने होइन, बरु उसको संगत रोजेर रमाउनुपर्छ। यस पृथ्वीमा सँगै बिताउने समयलाई सकेसम्म सुखद र आनन्दमय बनाउने प्रयास गर्नुपर्छ। उनीहरू सँगै जिउने सबै दिनहरू उसले आफ्नी पत्नीका साथ खुशीसाथ बिताउनुपर्छ। पतिले सकेसम्म आफ्नो विवाहलाई खुशी, आनन्द र प्रेमले भरिएको बनाउने वातावरण सिर्जना गर्नुपर्छ—ताकि उसले आफ्नी पत्नीमा आनन्द पाओस् र पत्नीले पनि पतिमा आनन्द पाओस्। यसकारण, पतिले आफ्नी पत्नीको अनुहारमा मुस्कान ल्याउने, उसका पाइलामा उमङ्ग थप्ने र उसको हृदयमा गीत भरिदिने उपायहरू खोजिरहनुपर्छ। — स्कट मार्कल

God's Wisdom for Marriage and the Home

"तिम्रा जुत्ताहरू फलाम र पित्तल होऊन्; अनि जस्ता तिम्रा दिनहरू, त्यस्तै तिम्रो शक्ति होस्!" - व्यवस्था ३३:२५



"हामी सबै यो कुरामा ढुक्क हुन सक्छौं कि यदि परमेश्वरले हामीलाई ढुंगामय बाटोमा पठाउनुहुन्छ भने, उहाँले त्यसका लागि बलिया जुत्ता पनि दिनुहुन्छ; र उहाँले हामीलाई त्यस्तो कुनै यात्रामा पठाउनुहुन्न जसका लागि उहाँले हामीलाई राम्रोसँग तयार पार्नु भएको हुँदैन।"

- आलेक्जान्डर म्याक्लरेन

शङ्का र विश्वास

शङ्काले बाधाहरू देख्छ; विश्वासले बाटो देख्छ।
शङ्काले अँध्यारो रात देख्छ; विश्वासले उज्यालो दिन देख्छ।
शङ्काले एक पाइला चाल्न डराउँछ; विश्वास आकाशतिर उड्छ।
शङ्काले सोध्छ, "को विश्वास गर्छ?" विश्वास भन्छ, "म।"

प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ६

यसभन्दा राम्रो केही छैन

प्रभु येशू ख्रीष्टमा हामीसँग छः
कहिल्यै गुम्न नसक्ने जीवन,
कहिल्यै रद्द नहुने सम्बन्ध,
कहिल्यै दाग नलाग्ने धार्मिकता,
कहिल्यै प्रश्न नगरिने स्वीकृति,
कहिल्यै दोहोरिन नपर्ने न्याय,
कहिल्यै नसकिने सामर्थ्य,
कहिल्यै नबदलिने स्वभाव,
कहिल्यै अयोग्य नठहरिने मध्यस्थ,
कहिल्यै ननासिने शान्ति,
कहिल्यै फिका नहुने महिमा।

— आर. टी. केच्याम



के संसार साँच्चै राम्रो हुँदैछ?

कतिपय मानिस भन्छन् कि संसार बिस्तारै राम्रो हुँदै गइरहेको छ। उनीहरू भन्छन् कि मानिसहरूको सोच, नैतिकता र जीवनको लक्ष्य अझ राम्रो हुँदैछ। यसको कारण शिक्षा हो भनेर पनि भनिन्छ।

तर मलाई लाग्छ, आजको संसारको मनोवृत्ति धेरै परिवर्तन भएको छैन। जब येशूलाई "क्रूसमा टाँग! क्रूसमा टाँग!" भन्दै चिच्याइयो, त्यस दिनदेखि आजसम्म मानिसको हृदय धेरै सुध्रिएको देखिँदैन।

आज संसारमा धेरै प्रकारका खराबीहरू छन्—हिंसा, झूट, घमण्ड, लोभ, अनैतिकता, र स्वार्थ। यी सबै कुराले बाइबलको यो वचन सत्य छ भनेर देखाउँछन्: "रुपियाँ-पैसाको प्रेमचाहिँ सबै खराबीको जरा हो" (१ तिमोथी ६:१०)।

संसार आफैं राम्रो हुँदै गएको म देख्दिनँ। तर म मानिस येशू ख्रीष्टलाई विश्वास गर्दा बदलिएको देख्छु। बाइबल भन्छ, उहाँले हामीलाई "यस वर्तमान दुष्ट संसारबाट छुटकारा दिनुभयो" (गलाती १:४)। जब कसैले येशूलाई आफ्नो मुक्तिदाता र प्रभु मान्छ, तब उसको जीवन परिवर्तन हुन्छ। त्यसैले म विश्वास गर्छु कि हामीले यस संसारको खराब चालचलनहरूबाट अलग भएर जिउनुपर्छ। तब मात्र हामी अरूलाई यो सुसमाचार प्रभावकारी रूपमा बताउन सक्छौं।

दोष कसको हो?

शहरका झुपडी बस्तीहरू हुँदै एक जना प्रभुका सेवकसँग हिँडिरहेका बेला एक नास्तिक हजामले भने, "यही कारणले म परमेश्वर असल र प्रेमी हुनुहुन्छ भन्ने कुरा विश्वास गर्न सक्दिनँ। यदि उहाँ साँच्चै दयालु हुनुहुन्छ भने, किन उहाँ यति धेरै गरिबी, रोग र फोहर अवस्थालाई सहेर बस्न दिनुहुन्छ? यी मानिसहरू लागूपदार्थ र चरित्र नष्ट गर्ने बानीहरूको दास किन हुन दिनुहुन्छ?" उनीहरू एकदमै अस्तव्यस्त र फोहोर देखिने एक जना मानिससँग भेटिएसम्म सेवक चुप लागिरहे। उसको कपाल घाँटीसम्म झरेको थियो, अनुहारमा आधा इन्चजति दाह्री उम्रिएको थियो। तब सेवकले जवाफ दिन तयार भए। "तपाईं त राम्रो हजाम जस्तो देखिनुहुन्न," उनले भने, "नत्र यस्तो मानिसलाई यहाँ कपाल नकाटी र दाह्री नमुन्डाई बस्न तपाईं कसरी अनुमति दिनुहुन्थ्यो?" नास्तिक रिसाउँदै भन्यो, "त्यस मानिसको अवस्थाको दोष मलाई किन दिनुहुन्छ? ऊ यस्तो हुनु मेरो गल्ती होइन। उसले मलाई कहिल्यै मौका नै दिएको छैन! यदि ऊ मेरो पसलमा आएको भए म उसलाई मिलाइदिन्थें र सज्जनजस्तो देखाइदिन्थें!" हजामलाई गहिरो नजरले हेर्दै सेवकले भने, "त्यसैले परमेश्वरलाई दोष नदिनुहोस् कि उहाँले यी मानिसहरूलाई उनीहरूको खराब बाटोमा चलिरहन दिनुभएको छ। उहाँ त निरन्तर तिनीहरूलाई आउन र उद्धार पाउन बोलाइरहनुभएको छ। तिनीहरू पाप र खराब बानीहरूको दास हुनुको कारण यही हो—उनीहरूले आफूलाई बचाउन र मुक्त गर्न मर्नु भएको प्रभु येशू ख्रीष्टलाई लिन अस्वीकार गर्छन्।" हजामले कुरा बुझ्यो। तपाईंले बुझ्नुभयो?

आत्मा जित्ने मानिस

"यदि म पूर्ण रूपमा स्वार्थी भएँ र आफ्नै खुशीबाहेक अरू केही वास्ता नगरेको भए पनि, परमेश्वर-अन्तर्गत म एक आत्मा जित्ने व्यक्ति नै बन्ने थिएँ। किनकि मैले कहिल्यै पनि साँचो, भरिपूर्ण, अवर्णनीय र सबैभन्दा शुद्ध प्रकारको आनन्द त्यतिबेला सम्म चिनेको थिइनँ, जबसम्म मैले मेरो माध्यमबाट कसैले मुक्तिदातालाई खोजेर भेटेको सुनेको थिइनँ।"

- चार्ल्स स्पर्जन

"जसले आत्माहरू जित्छ,
ऊ बुद्धिमान् हो" - हितोपदेश ११:३०

परमेश्वर संसारमा के गर्दै हुनुहुन्छ?

नयाँ सुरुआत र नयाँ सत्यत्याग (गत अंकबाट क्रमश:)

नूह, उनका सन्तानहरू, र सबै जनावरहरूसँग बाँधिएको करारमा परमेश्वरले फेरि कहिल्यै सम्पूर्ण प्राणीलाई जलप्रलयद्वारा नष्ट नगर्ने प्रतिज्ञा गर्नुभयो। इन्द्रेणीलाई यस करारको चिन्हका रूपमा दिइयो (उत्पत्ति ९:८–१७)। शैतानले यस प्रतिज्ञालाई आफ्नो पक्षमा प्रयोग गर्ने सोच गऱ्यो। परमेश्वरले अब फेरि सबै प्राणीलाई, विकृत भएका मानिसहरूलाई समेत, जलप्रलयद्वारा नष्ट गर्नुहुन्न भन्ने भएपछि शैतानले मानव जातिलाई फेरि बिगार्ने योजना बनायो।



उसले नूहका छोरामध्ये एक हाममा समलैङ्गिकताप्रति झुकाव पैदा गरेर यो काम सुरु गऱ्यो (उत्पत्ति ९:१८–२३)।

हामको अनैतिक व्यवहारले नूहलाई उसका सन्तानहरू-बारे एउटा भविष्यवाणी बोल्न प्रेरित गऱ्यो (उत्पत्ति ९:२४–२७)। यस भविष्यवाणीमा नूहका छोरा शेमको वंशलाई परमेश्वरले विशेष आशिष दिनुहुनेछ भनेर भनिएको थियो (उत्पत्ति ९:२६)। पछि परमेश्वरले उद्धारकर्ता शेमकै वंशबाट आउनेछन् भनेर प्रकट गर्नुभयो (उत्पत्ति ११:१०–१२:३)।

शैतान हामको वंश मात्र बिगारेर सन्तुष्ट भएन। उसले शेमको उद्धारसम्बन्धी वंशसमेत सहित सम्पूर्ण मानव जातिलाई फेरि पतित बनाउन चाह्यो। परमेश्वरले नूह र उनका सन्तानहरूलाई सन्तानद्वारा पृथ्वी भरिन आज्ञा दिनुभएको थियो (उत्पत्ति ९:१)। मानिसहरू थोरै ठाउँमा मात्र बस्नु होइन, तर पृथ्वीभरि फैलिनु थियो, ताकि कुनै ठाउँ खाली र खेती नभएको नहोस्। तर शैतान चाहिँ मानिसहरू एउटै ठाउँमा नजिकै बसिरहून् भन्ने चाहन्थ्यो, यसको स्पष्ट कारण थियो। पहिलो, मानिसहरू टाढाटाढा छरिएर बसे भने तिनीहरूलाई नियन्त्रण गर्न गाह्रो हुन्छ। दोस्रो, मानिसहरू एक–अर्कासँग नजिक र नियमित रूपमा सम्पर्कमा हुँदा सत्यत्याग छिटो र सजिलै फैलिन्छ।

मानिसहरूलाई एकतामा राख्न, तिनीहरूलाई या त एकताको कुनै चिन्ह चाहिन्छ वा सँगै काम गर्न सकिने कुनै साझा काम। सैतानले नूहका सन्तानहरूलाई यी दुवै कुरा दिए। उसले उनीहरूलाई प्रलयपछि बसाइँ सरेर पुगेको बाबेलको मैदानमा एउटा ठूलो सहर र एउटा टावर बनाउन प्रेरित गऱ्यो (उत्पत्ति ११:१–४)। त्यतिबेला सम्पूर्ण मानव जाति एउटै भाषा बोल्थ्यो, त्यसैले उनीहरूले यस्तो कामको योजना बनाउन सके।

परमेश्वरले मानिसहरूलाई फरक–फरक भाषा बोल्न लगाएर यो सत्यत्यागतर्फको चाललाई रोक्नुभयो (उत्पत्ति ११:५–७)। यसरी मानव इतिहासमा पहिलो पटक एकभन्दा बढी भाषा अस्तित्वमा आयो। भाषाको यस खलबलको कारण निर्माणकार्य रोकियो, र मानव जाति पृथ्वीभरि छरियो (उत्पत्ति ११:८–९)। एउटै भाषा बोल्नेहरू, फरक भाषा बोल्नेहरूबाट अलग भए। उनीहरू पृथ्वीको एक–एक भागमा बसाइँ सरे र आफ्नो साझा भाषाको आधारमा एउटा राष्ट्र बनाउन थाले। यसरी इतिहासमा पहिलो पटक फरक–फरक राष्ट्रहरू बन्न थाले (उत्पत्ति १०:१०)। त्यसकारण, विभिन्न भाषा र राष्ट्रहरूको सुरुवात परमेश्वरको राज्य र शैतानको राज्यबीचको संघर्षको परिणाम थियो। उत्पत्ति ११ ले भाषाको खलबलपछि मानव जाति पृथ्वीमा कसरी फैलियो भन्ने कुराको सारांश दिन्छ।



नूहका सन्तानहरू पृथ्वीभरि फैलिनुले सत्यत्यागको फैलावट ढिलो भयो, तर त्यो रोकिएन। शैतान सबै मानिसलाई परमेश्वरबाट टाढा लैजान अडिग थियो। समय बित्दै जाँदा मानिसहरूले परमेश्वरबारेको सत्य दबाउन थाले। उनीहरूले आफ्ना छोराछोरी र पछिल्ला पुस्तालाई परमेश्वरबारे सिकाउन मानेनन्, र सृष्टिमा देखिने परमेश्वरको सत्यलाई पनि अस्वीकार गरे। यसो गर्दा उनीहरू आफूलाई बुद्धिमान ठान्थे, किनकि परमेश्वरको सत्य अस्वीकार गर्दा मानिस नै मालिक जस्तो देखिन्थ्यो। मानिसको जानाजानी गरिएको सत्यत्यागले दुईवटा दुःखद परिणाम ल्यायो। पहिलो, साँचो परमेश्वरको आराधनाको सट्टा मानिशहरूले धेरै मूर्तिपूजक धर्महरू बनाए। दोस्रो, मानिशहरू बिस्तारै नैतिक रूपमा बिग्रँदै गए। उनीहरूले घिनलाग्दा इच्छाहरूलाई खुला छाडे र लाजमर्दो कामहरूलाई सही ठान्न थाले (रोमी १:१८–२२)। यसरी शैतानले परमेश्वरको राज्यविरुद्ध लडेको कारण झूटा धर्महरू र सबैभन्दा बिग्रिएका जीवनशैलीहरू फैलिन थाले।

साभार: What On Earth Is God Doing by Renald Showers

- क्रमश: आगामी अंकमा

पुनरावलोकन प्रश्नका उत्तर - अध्याय १

1. मानिसले शक्ति, नियन्त्रण र भविष्य जान्ने चाहनाले यस्ता शक्तिहरू खोज्छ। तर बाइबलले यस्ता अभ्यासहरू परमेश्वरका विपरीत भएकाले कडाइका साथ निषेध गर्छ (व्यवस्था १८:१०–११)।
2. किनकि यही संघर्षले संसार र इतिहासमा के भइरहेको छ भन्ने बुझ्न मद्दत गर्छ—नबुझ्दा जीवनको रहस्य बुझिँदैन।
3. (१) हामी कहाँबाट आयौं? (२) हामी किन यहाँ छौं? (३) हामी कहाँ जाँदैछौं?
4. यसको अर्थ प्रत्येक घटना सिधै परमेश्वर वा शैतानले गरे भन्ने होइन; प्रायः उहाँ/उसका उद्देश्यहरू विभिन्न प्रतिनिधि र माध्यममार्फत कार्यान्वयन हुन्छन्।
5. किनकि बाइबलले इतिहासको सुरुआत, अर्थ, दिशा र उद्देश्य देखाउँछ—र यही आधारले वर्तमान घटनाहरूको सही विश्लेषण गर्न सहयोग गर्छ।
6. अनादिदेखि अस्तित्वमा रहनु हुने त्रिएक परमेश्वरबाट—सृष्टिभन्दा अघि परमेश्वरबाहेक केही थिएन।
7. उहाँ स्वयं सर्वोच्च राजा भएर शासन गर्नलाई राज्य बनाउन योजना गर्नुभयो; प्रजाबिना राज्य हुँदैन त्यसैले प्रजा आवश्यक पऱ्यो।
8. शरीरविहीन आत्मिक प्राणी; बुद्धि, बोल्ने क्षमता, र असाधारण शक्ति भएका—स्वर्गमा बस्ने तर पृथ्वीमा पनि आउन सक्ने।
9. दानिएल ७:१०; प्रकाश ५:११; हिब्रू १२:२२ जस्ता पदहरूमा—"लाखौं-लाख" र "करोडौं-करोड" भनेर।
10. पृथ्वीमा परमेश्वरका तर्फबाट शासन गर्न, र पृथ्वीलाई उहाँका इच्छाअनुसार चलाउन।
11. परमेश्वरलाई प्रत्यक्ष राजा/शासक मानिने शासन, जहाँ कानूनहरू परमेश्वरबाट आएका मानिन्छन् जुन कानूनहरू उहाँका प्रतिनिधिद्वारा प्रशासन गरिन्छ।
12. (१) उसको शरीर पृथ्वीको धुलोबाट बनाउनु (भौतिक संसार बुझ्न); (२) आफ्नै स्वरूपमा सृष्टि गर्नु (सोच्न सक्न, बुझ्न सक्न, कुरा गर्न सक्न)।
13. उच्च स्वर्गदूतले घमण्डले विद्रोह गऱ्यो—परमेश्वरको राज्य उल्ट्याएर आफ्नै राज्य स्थापनाको आकांक्षा।
14. किनकि शैतान सृष्टि मात्र हो—परमेश्वरको बराबरीमा कहिल्यै आउँदैन; अन्ततः परमेश्वरले उसलाई अवश्य पराजित गर्नुहुन्छ।
15. स्वर्गदूतहरूलाई उसले विद्रोहमा आफूसँग मिल्नलाई मनायो। मानिसलाई आफूहरू शासक बन्न सक्ने झूटो प्रलोभनद्वारा विद्रोहमा फसाएर आफ्नो पक्षमा तान्यो।
16. आत्मिक अस्तित्व नष्ट भयो होइन—उसको स्वभाव परमेश्वरविरुद्ध शत्रुताको मनोवृत्तिले नियन्त्रित भयो; उसको जीवन परमेश्वरबाट टाढा भयो।
17. रोग, क्षय, मृत्यु, दुर्घटना, हिंसा; जमिनको उत्पादन घट्यो; काँडा–झार उम्रियो; जनावरको स्वभाव बदलियो।
18. आदमको अवज्ञा मार्फत मानवजाति पापी स्वभावसहित जन्मिए र शैतानको राज्यको भए। पाप-स्वभावसहित जन्मेकोले मानिस आत्मिक रूपमा मरेको हुन्छ र शैतानको अधीनमा हुन्छ, सत्यप्रति अन्धो बनाइन्छ, झूटलाई सत्य ठान्ने गरी धोका दिइन्छ, आत्मिक अन्धकारमा रहन्छ र अन्तमा शैतानकै दण्डको स्थानमा पुग्छ।
19. किनकि मानिसको विद्रोहद्वारा संसार अस्थायी रूपमा शैतानको नियन्त्रणमा पर्न गएको छ
20. स्वर्ग–पृथ्वी सबैमा आफ्नो राज्य स्थापन गर्दै आफूलाई एकमात्र सार्वभौम राजा बनाउनु।
21. शैतान र उसको राज्यलाई पूर्णतः नष्ट गर्नु, हडपिएको क्षेत्रमा फेरि ईश्वर–शासित राज्य पुनःस्थापित गर्नु, र आफ्नो सार्वभौमिकता प्रकट गर्नु।
22. मानिसलाई आत्मिक रूपमा जीवित पार्नु, शारीरिक मृत्यु/रोग हटाउनु, मानिसको शासन-क्षमता सच्च्याउनु, पतन हुनु अघिको पृथ्वीको सिद्ध वातावरणलाई पुनःस्थापना गर्नु, मानिसलाई परमेश्वरको राज्यमा स्थानान्तरण गर्नु, र ईश्वर-शासित राज्य पुनःस्थापना गर्नु, शैतानलाई हटाउनु।
23. एक स्त्रीबाट जन्मिने मुक्तिदाताले शैतानलाई पराजित गर्नुहुन्छ—तर त्यस क्रममा उहाँ स्वयं मृत्युसमेत सहनुहुनेछ।
24. किनकि परमेश्वरको विजय र उद्धारको केन्द्र मुक्तिदाता हुनुहुन्छ—यदि उहाँको आगमन/कार्य रोकिए भने योजना असफल हुने आशा शैतानको थियो।
25. (१) परमेश्वरको राज्यका सदस्यहरूलाई नष्ट गर्ने; (२) गलत शिक्षा वा आचरणद्वारा साक्षी बिगार्ने (सत्यत्यागतर्फ मोड्ने)।

मृत्युसय्यामा रहेका विद्वान स्यामुएल जोनसन (1709-1784) ले आफूलाई भेट्न आएका एक युवालाई यसो भने: "युवक बाबु, संसारमा केही हदसम्म नाम कमाएको र अब चाँडै आफ्ना सृष्टिकर्ताको सामु उभिन लागिरहेको मानिसको कुरा ध्यान दिएर सुन—आफ्नो जीवनका हरेक दिन बाइबल पढिरह।"